**स्कूल डिस्ट्रिक्ट नम्बर. १**
**डेनभर सहर र काउन्टीमा,**
**कोलोराडो राज्य**
**सङ्कल्प नम्बर ______________________**

**सुरक्षित र मैत्रीपूर्ण स्कूल डिस्ट्रिक्ट सङ्कल्प**

**जब कि**, डेनभर पब्लिक स्कूल्स सुरक्षित र मैत्रीपूर्ण स्थानहरू प्रदान गर्न प्रतिबद्ध छ, जहाँ सबै विद्यार्थीहरूले आफ्नो शिक्षामा ध्यान दिन सकून्, र उनीहरूको आप्रवाशी स्थिति जे सुकै भए पनि आफ्नो सुरक्षा र भावनात्मक स्वास्थ्यलाई डिस्ट्रिक्टले सहयोग गर्छ भन्ने ज्ञान होस्; र

**जब कि**, बोर्ड विद्यार्थीहरूको संवैधानिक अधिकारहरूको संरक्षण गर्न प्रतिबद्ध छ जसमा उनीहरू अयुक्तिसङ्गत खोजी र पक्राउबाट मुक्त रहने चौथौ संसोधन (फोर्थ एमेन्डमेन्ट) अधिकार र उनीहरूको निशुल्क सामुदायिक के–१२ शिक्षा प्राप्त गर्ने संवैधानिक अधिकार सामेल छ; र

**जब कि**, बोर्डले हाम्रा स्कूलहरूमा, हाम्रा यातायात मार्गहरूमा, हाम्रा डिस्ट्रिक्ट परिसरहरूमा वा हाम्रो स्कूल क्रियाकलाप भइरहेका बेला फेडेरल आप्रवाशी कानुन कार्यान्वयन क्रियाकलापहरूले पर्याप्त मात्रामा सिकाइ वातारवणलाई वाधा गर्छन् र विद्यार्थीहरूको अनुपयुक्त खोजी र पक्राउबाट मुक्त रहने तथा निशुल्क सामुदायिक शिक्षा प्राप्त गर्ने संवैधानिक अधिकारहरूमा बाधा पुऱ्याउँछन् भन्ने कुरा पत्ता लगाएको छ; र

**अब, त्यसकारण, यो सङ्कल्प गरिन्छ कि**, डिस्ट्रिक्टले आफ्नो कानुनी शक्तिको प्रयोग गरेर विद्यार्थीहरूको गोपनीय जानकारी सुरक्षा गर्न र हाम्रा विद्यार्थीहरूको सिकाइ वातावरण आप्रवाशी कार्यान्वयन कार्बाहीहरूले न बिथलियोस् भन्नका लागि सबैथोक गर्नेछ, जसमा निम्न कार्यहरू सामेल छन् तर त्यतिमै सीमित छैनन् :

- डिस्ट्रिक्टले आफ्ना विद्यार्थीहरूबारेको कुनै पनि आप्रवाशी स्थिति सङ्कलन र व्यवस्थित गर्ने कार्य **नगर्ने** आफ्नो अभ्यास जारी राख्नेछ।

- फेडेरल अफिसियलद्वारा (क) स्कूल डिस्ट्रिक्ट वा अन्य डिस्ट्रिक्ट परिसरमा प्रवेश गर्नका लागि, (ख) कुनै विद्यार्थीसँग सञ्चार गर्नका लागि, जब सो विद्यार्थी डिस्ट्रिक्टको सुपरिवेक्षणमा कुनै स्कूल क्रियाकलापमा हुन्छ वा उसले डिस्ट्रिक्टको यातायात प्रयोग गरिरहेको हुन्छ, वा (ग) हाम्रा विद्यार्थीहरू बारेको कुनै पनि जानकारीका लागि गरिएको अनुरोध तुरुन्तै जनरल काउन्सेलको डिस्ट्रिक्ट कार्यालयमा पठाइनेछ।

- त्यस्ता अनुरोधहरूप्रति प्रतिक्रिया दिँदा, जनरल काउन्सेलको डिस्ट्रिक्ट कार्यालयले तबसम्म जानकारी साझा गर्नेछैन वा हाम्रा विद्यार्थीहरूमा पहुँच प्रदान गर्नेछैन जबसम्म सो कानुनद्वारा आवश्यक हुँदैन र डिस्ट्रिक्टका विद्यार्थीहरूको संवैधानिक र कानुनी अधिकारहरूको रक्षा गर्न डिस्ट्रिक्टको कानुनी शक्तिमा सबैथोक गर्नेछ।

- उदाहरणका लागि, जनरल काउन्सेलको कार्यालयले हाम्रा विद्यार्थीहरूमा पहुँच स्वीकृति दिनेछैन जबसम्म अफिसियलले फेडेरल वा राज्य न्यायाधिश वा म्याजिस्ट्रेटले जारी गरेको वैध खोजी वारेन्ट प्रस्तुत गर्दैनन्। फेडेरल कानुनले परिभाषित गरेका सीमित र विरल "अत्यावश्यक परिस्थितिहरू," मा डिस्ट्रिक्टका कर्मचारीहरूले कानुनी रूपमा बिना कुनै वैध खोजी वारेन्ट पहुँच प्रदान गर्नु कानुनन आवश्यक हुन्छ। हाम्रा विद्यार्थीहरू स्कूल क्रियाकलापहरूमा संलग्न भएका बेला अत्यावश्यक परिस्थितिहरू हुने सम्भावना अत्यन्तै न्युन हुन्छ किनकि अत्यावश्यक परिस्थितिहरूमा सामान्यतया त्यस्ता स्थितिहरूको संलग्नता हुन्छ जसमा कानुन कार्यान्वयन भाग्दै गरेको संदिग्ध अपराधीको खोजीमा हुन्छ वा जहाँ अपराधको प्रमाण नष्ट गरिनै लागिएको हुन्छ।

**पुनः सङ्कल्प गरिन्छ कि**, डिस्ट्रिक्टले यदि आवश्यक भएमा वर्तमान सङ्कट र आकस्मिक अनुक्रिया समूहलाई, आप्रवासी कार्यान्वयन कार्बाहीले प्रभाव पार्न सक्ने हाम्रा विद्यार्थीहरूको सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्न मद्दत गर्नका लागि तालिम र अतिरिक्त स्रोतहरू प्रदान गर्नेछ; र

**पुनः सङ्कल्प गरिन्छ कि**, डिस्ट्रिक्टले यो सङ्कल्प हरेक स्कुल साइटमा टाँस्नेछ र डिस्ट्रिक्टमा प्रमुख रूपमा धेरैजसो प्रयोग गरिने सबै भाषाहरूमा डिस्ट्रिक्टका स्टाफलाई र अभिभावकहरूलाई वितरण गरिनेछ; र

**पुनः सङ्कल्प गरिन्छ कि**, सुपरिटेन्डेन्टले कार्यान्वयन गर्न आवश्यक नीतिहरू र प्रक्रियाहरू अध्याबधिक गर्नेछन् र यस सङ्कल्पका प्रतिबद्धताहरू व्यापक रूपमा सञ्चार गर्नेछन्।

________________________________ ________________________________

**एन्ने रोवे, सभापति** **ह्याप्पी हाइनेस, सचिव**